मन्थली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मन्थली, रामेछाप,

वागमती, प्रदेश

## नदीजन्य पदार्थ (ढुङ्गा गिट्टी बालुवा) लिलाम बढाबढ सम्बन्धी सूचना

**पटक प्रकाशित मिति : २०८०/०५/१९**

यस मन्थली नगरपालिका वडा नं. ६ सेलेघाटको घडेरी वगर नजिकै मौज्दात गरी राखेको नगर स्तरीय अनुगमन समितिबाट जफत गरिएको ४१७३६.४२ घनफिट नदीजन्य पदार्थ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११, ढुङ्गा गिट्टी वालुवा उत्खनन विक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड २०७७ (संशोधन सहित) को वुदा नं. ७(५) तथा वुँदा नं. ९ (९) र वागमती प्रदेश सरकारवाट जारी भएको नदीजन्य पदार्थ (संकलन र उपयोग) सम्वन्धमा व्यवस्था गर्न बनेको कार्यविधि २०७५ को वुँदा नं. १३ वमोजिम लिलाम विक्री गर्नुपर्ने भएकोले लिलाम सकार गर्न इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र कार्यालय समयमा तपसिलका शर्त वन्देजका अधिनमा रही सिलवन्दी लिलाम वढावढको आवेदन फाराम नगर कार्यपालिकाको कार्यालय, मन्थली, रामेछापवाट खरिद गर्न र ८औं दिन दिनको १२:०० वजेभित्र सिलवन्दी लिलाम वढावढ अङ्क पेश गर्नु हुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | लिलाम नं. | लिलामको विवरण | लिलाम सामाग्रीको परिमाण | न्यूनतम अंक (भ्याट सहित) | फर्म दस्तुर |
|---|---|---|---|---|---|
| १. | ०२/MM/RS/ २०८०-०८१ | मन्थली नगरपालिका वडा नं. ६ सेलेघाटको घडेरी वगर नजिकै मौज्दात रहेको नदीजन्य कच्चा पदार्थ । | ४१७३६.४२ घनफिट | ४२४४६० | १०००।- |

**लिलाम सम्वन्धी शर्त तथा बन्देजहरु :-**

१. इच्छुक लिलाम सकारकर्ताहरूले माथि उल्लेखित नगद दस्तुर (फिर्ता नहुने) नगदै वुझाई सक्कल नगदी रसिद साथ फर्मको हकमा आ.व. २०८०/०८१ को लागि नविकरण भएको इजाजत-पत्रको प्रतिलिपी, आयकर दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.व. २०७८/०७९ को करचुक्ता गरिएको प्रमाणको प्रतिलिपि र सक्कल अख्तियारीनामा वा व्यक्तिको हकमा स्थायी लेखा नं. को प्रतिलिपि र नागरिकताको प्रतिलिपी संलग्न राखी लिलाम बढावढ पुस्तिका यो सूचना प्रकाशित भएको मितिले अन्तिम दिन दिनको ५:०० वजे सम्ममा लिखित निवेदन दिएर खरिद गर्न सकिनेछ ।

२. जसको नाममा लिलाम वढावढ पुस्तिका खरिद गरिएको हो सोही व्यक्ति वा फर्मले मात्रै लिलाम बढावढ पुस्तिका दाखिला गर्नु पर्नेछ ।

३. लिलाम सकार गर्ने इच्छुक व्यक्ति, फर्म वा संस्थाले कवोल गरेको अंकको ५% धरौटी राख्नु पर्नेछ । धरौटी वापत रकम मन्थली नगरपालिकाको नाममा राष्ट्रिय वाणिज्य बैंक, मन्थली शाखामा रहेको १६८०१००३०३००००२ धरौटी खातामा जम्मा गरी सक्कलै बैंक भौचर सहित सम्लग्न गरि उल्लेखित अन्तिम मितिको भोलि पल्ट १२:०० वजेसम्म दर्ता गरिसक्नु पर्नेछ र सोही दिनको २:०० वजे नियमानुसार कर्मचारी प्रतिनिधि र लिलाम सकार गर्ने प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । सिलवन्दी लिलाम बढावढ पुस्तिका निजको प्रतिनिधि उपस्थित नभएमा पनि खोल्न बाधा पर्ने छैन ।

४. लिलाम बढावढ पुस्तिका दर्ता गर्ने र खोल्ने मितिमा सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिन उल्लेखित कार्य क्रमश हुनेछ ।

५. लिलाम वढावढ पुस्तिकामा आफूले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरेको हुनु पर्नेछ । दररेटको अंक अक्षर केरमेट भएमा वा फरक भएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ ।

६. लिलामी सकारकर्ताले कवोल गरेको रकम अग्रिम वुझाउनु पर्नेछ । सम्झौता गर्न आँउदा कवोल वरावरको रकम नगदै वा मन्थली नगरपालिकाको रा.वा बैंक मन्थलीको आन्तरिक आय खाता नं. १६८०१००३०१०१०००२ मा जम्मा गरि बुझाउनु पर्नेछ ।

७. लिलाम सदर गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस मन्थली नगरपालिका नगरकार्यपालिकामा निहित रहनेछ ।

८. यस सम्वन्धी सूचना मन्थली नगरपालिकाको *Website: www.manthalimun.gov.np* मा र हाम्रो मन्थली नगरपालिका फेसवुक पेजमा समेत हेर्न सकिनेछ ।

९. यसमा उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानुन वमोजिम नगरपालिकाको निर्णय अनुसार हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

CS Scanned with CamScanner